लेखापरीक्षण प्रतिवेदन

मेन्छ्यायेम गाउँपालिका, तेह्रथुम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मेन्छयायेम गाउँपालिका, तेह्रथुम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-२-५

च.न :APPROVED/FAR/2081-82/LOC/551

श्रीमान् अध्यक्षज्यू

मेन्छयायेम गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय,

तेह्रथुम।

विषय - लेखापरीक्षण प्रतिवेदन ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-२-५
च.न :APPROVED/FAR/2081-82/LOC/551

श्रीमान अध्यक्षज्यू,
मेन्छयायेम गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय
तेह्रथुम ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

१. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय-व्यय समेत रु.७४ करोड ७४ लाख ८२ हजारको लेखापरीक्षण गर्दा रु.१ करोड ५२ लाख २१ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. २६ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१६ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८ लाख ५१ हजार र पेश्की बाँकी रु.९० हजार गरी जम्मा रु.१ करोड ५२ लाख २१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.८ करोड ५७ लाख ४० हजार र यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.१० करोड ९ लाख ६१ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन,विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिकाअध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			सम्परीक्षणबाट फछ्र्यौट			सम्परीक्षण बाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेश्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेश्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६०	५९	१,५२,२०,५३२	०	०	०	०	६०	५९	१,५२,२०,५३२	२६,४०,६२६	१,०८,५१,२४८	१६,३८,६५८	०	०	१,२४,८९,९०६	९०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तेह्रथुम	८,५७,४०,०००		०	८,५७,४०,०००		१,५२,२०,५३२	१०,०९,६०,५३२

मेन्छयायेम गाउँपालिका, तेह्रथुम

(८०१०५५०४३००)

मेन्छयायेम गाउँपालिका , तेह्रथुम

परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ७०.०९ वर्ग किलोमिटर तथा ६,६७८ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०२ देखि २०८२।०५।०७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु. ७४ करोड ७४ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९७,१७३।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम
१	शिक्षकको पारिश्रमिक बढी निकासा भएको	२३५४६
२	मेन्छ्यायेम खेलकुद विकास समितिबाट आय कर - व्यक्तिगत वा एकलौटी फर्म	६२३२७
३	स्वास्थ्य तर्फको कार्यक्रममा कर कट्टी छुट असूली	११३००
जम्मा		**९७१७३**

२

एकिकृत आय-व्यय : पालिकाको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोवारको एकिकृत वित्तीय विवरण निम्नानुसार रहेको छ ।

मेन्छ्यायेम गाउँपालिका					
आर्थिक वर्ष २०८१/०८२					
आर्थिक कारोबारको एकीकृत विवरण					
प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात	१७०२७५६६.२	१७०२७५६६.२	चालु खर्च	१८०१७१२६९.४६	१८०१५६७३३.४६
१.संचित कोष	११४८२५०६.२२		१. पालिका तर्फ	७६१३०६१५.२६	
२.धरौटी	४३६९६२३		२. संघीय सशर्त	१०२५७५१११.२०	
३.कार्यसञ्चालन कोष	१०८१९१२.९८		३. संघीय विशेष	०.००	
४. अन्य कोष प्रकोप	९३५२४		४. प्रदेश सशर्त	१४६५५४३.००	
यस वर्षको आय	२८९८९५६०२.३८	२८९८९५६०२.३८	५. प्रदेश विशेष	०.००	
१.आन्तरिक आय	२९९९७२३.२२		पुँजीगत खर्च	८२५१०००७	८२५१०००७
२. वित्तीय हस्तान्तरण (संघ)	२५६०३७०३१		१. पालिका तर्फ	४२८०००५७	
क) समानीकरण अनुदान	६३०३९१२०		२. संघीय सशर्त	१७६७६७६०	
ख) राजस्व बाँडफाँट	४७७४०३११.२०		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	१३९४५७०००		४. संघीय समपुरक	४९७१५४६	
घ) समपुरक अनुदान	५००००००		५. प्रदेश सशर्त	११४९१३३३	
ङ) विशेष अनुदान	०		६. प्रदेश विशेष	०	
च) रोयल्टी			७. प्रदेश समपुरक	५५७०३११	
छ) अन्य करुणा फाउन्डेसन	८००६००		अन्तर सरकारी अख्तियारी (संघ)	०	
३. वित्तीय हस्तान्तरण (प्रदेश)	३०८५८८४८		क) सामाजिक सुरक्षा	३८९४४२७२	३८९४४२७२
क) समानीकरण अनुदान	३४२८०००		स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३७०३५४	३७०३५४
ख) राजस्व बाँडफाँट	१९५५१४१.९६		एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१७९७८९१३	१७९७८९१३
ग) सशर्त अनुदान	१९२५१०००		स्थानीय तह प्रशासकीय भवन पूर्वाधार	२१००००००	२१००००००
घ) समपुरक अनुदान	६२२४७०६.		स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम १४४	३३९२८२४	३३९२८२४
ङ) विशेष अनुदान	०		ऋणको ब्याज भुक्तानी	०	
च) रोयल्टी	०		धरौटी फिर्ता तथा सदर स्याहा	८९८२३२	८९८२३२
छ) अन्य	०		कार्यसञ्चालन कोषबाट भएको खर्च	४५२७२९.	४५२७२९.
४. अन्तर सरकारी अख्तियारी (संघ)			अन्य कोषबाट भएको खर्च	०	
क) सामाजिक सुरक्षा	३८९४४२७२	३८९४४२७२	गैरसरकारी संस्थाबाट सञ्चालित	०	

			योजना		
ख) गरिबसँग विशेश्वर कार्यक्रम	०		अन्य सहयोगमा सञ्चालित योजना	०	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		अनुदान फिर्ता	२६१८२१०१.८०	२६१८२१०१.८०
६. ऋण/ वित्तीय व्यवस्था	०		१. संघ तर्फ	१९२३३५८३	
७. धरौटी आय	३५७७४४९.०१	३५७७४४९.०१	क) सशर्त अनुदान	१९२०५१२८.८	
८. कार्यसञ्चालन कोष आय	४३६५००.	४३६५००.	ख) विशेष अनुदान	0	
९. अन्य कोषको आय	०.		ग) समपुरक अनुदान	२८,४५४	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०.		२. प्रदेश तर्फ	६९४८५१९	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०.		क) सशर्त अनुदान	६२९४१२४	
१२. अन्य आय भएमा	०		ख) विशेष अनुदान	०	
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३७०३५४	३७०३५४	ग) समपुरक अनुदान	६५४३९५	
एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१७९७८९१३	१७९७८९१३.	अन्तिम मौज्दात	२०७२२७७८.३३	२०७३७३१४.३३
स्थानीय तह प्रशासकीय भवन पूर्वाधार	२१००००००	२१००००००	१. संचित कोषको मौज्दात	१२५१४७३०.३४	
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम १४४	३३९२८२४	३३९२८२४	२. धरौटी	७०४८८४०.०१	
	०		३. कार्यसञ्चालनकोष	१०६५६८३.९८	
	०		४. अन्यकोष प्रकोप	९३५२४	
			५. अन्य	१४५३६	
जम्मा		३९२६२३४८०.५९	जम्मा		३९२६२३४८०.५९

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणतर्फ**

३.१ पालिकाको सुत्र प्रणालीवाट सिर्जना भएको म.ले.प.फा.नं.२७० अनुसार प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) निम्नानुसार छ ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **कर लगायतको दायित्व** – कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को दफा ५७ मा कार्यालयले विनियोजन राजश्व धरौटी तथा अन्य कारोबारको लेखा तोकिएको लेखा सिद्धान्त आधार र ढाँचामा राख्नु पर्ने व्यवस्था छ। सुत्र प्रणालीवाट सिर्जना भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी दायित्व

रु. १४५३६। रहेको देखिन्छ । बाँकी दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । पालिकाले दायित्व रकम यकिन गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,५३६

३.३ **हिसाव फरक -** पालिकाले संघीय हस्तान्तरीत पूँजीगत शिर्षकमा कोलेनिका निकासा र संचित कोष आम्दानी रु २२४८५१८६। रहेको छ तर बैंक नगदी किताव अनुसार खर्च तथा संचित कोष फिर्ता समेत रु. २७८३२०००। देखाएकोले आम्दानी तथा खर्चमा रु ५३४६८१४। फरक परेको छ । यस सम्बन्धमा पटक पटक रिभर्स भौचर उठाएकोले आम्दानी र बैंक नगदी किताव विच फरक परेको कार्यालयको भनाई रहेको छ । आम्दानी भन्दा बढी खर्च देखाएकोले पेश भएको वित्तिय विवरण यथार्थ छ भनि आश्वस्त हुन सकिएन ।

४ **आन्तरिक नियन्त्रण**

पालिकाको आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

४.१ **आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहायका कमजोरी रही असर पर्ने देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वियन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ:-

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको,
- स्थानीय सरकारी (सेवा गठन तथा सञ्चालन) ऐन २०८० को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको ,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको,
- स-साना योजनालाई प्राथमिकता दिएको,
- नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,
- नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।
- भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको ।
- आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।
- ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।
- ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको ।
- जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको ।
- कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको,
- आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,
- राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,
- सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरेको
- विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको
- अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको,

• एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण गरेको,

• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,

• विविध खर्चमा नियन्त्रण नगरेको,

• कार्यालयमा टेलिफोन नभएको भनी प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको,

• उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको,

• अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको,

• सवै प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,

• उपभोक्ता समितिबाट गराएको कामको मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,

• म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको ,

• ईन्धन खर्चको अद्यावधिक लगबुक नराखेको,

नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वियन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वियन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.२ **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था अनुरुप आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति नहुदा आर्थिक कारोवारको वित्तीय जोखिम वढ्ने र आन्तरिक नियन्त्रण नहुने अवस्था रहन्छ । तसर्थ आन्तरिक लेखापरीक्षकको पद पूर्ति गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

४.३ **आन्तरिक लेखापरीक्षण** –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालय तेह्रथुम यस कार्यालयको केन्द्रिय र प्रदेश बजेटको निकासा तर्फ र फेदाप गाउँपालिकाको आन्तरीक लेखापरीक्षकले गाउँपालिका तर्फ लेखापरीक्षण गरेको छ। अन्य निकायवाट बार्षिक लेखापरीक्षण गरी प्रतिवेदन दिएकोले कार्यविधि अनुसार आन्तरीक लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

५ बजेट तथा कार्यक्रम

५.१ **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । पालिकाको गाउँसभाको बैठक २०८१।३।१० मा बसेकोमा बजेट तर्जुमा समितिको बैठक २०८१।३।१८ मा बसेको र आय तर्फ रु.३०,४३,९५,०००। र व्ययतर्फ रु.१२,९९,९०,०००। को बजेट निर्धारण गरेको पाईयो । समितिले विषयगत र क्षेत्रगत वजेट वाँडफाड सम्बन्धी छलफल तथा योजनाको प्राथमिकीकरण गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम वीच तादाम्यता तथा परिपूरकता गर्ने कार्य गरेको छैन ।यसमा सुधार हुनुपर्दछ ।

५.२ **श्रोत अनुमान तथा सिमा निर्धारण समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्राक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको

प्राथमिकीकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाको गाउँसभाको बैठक २०८१।३।१० मा बसेकोमा स्रोत अनुमान समितिको बैठक २०८१।३।१७ मा बसे पनि कुनै निर्णय भएको पाईएन । ऐनको व्यवस्था बमोजिम समितिले बैसाख १० गते भित्र बजेट स्रोत, सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र समितिले आगामी आर्थिक वर्ष पछि २ आर्थिक वर्षको बजेट प्रक्षेपण गर्ने कार्य समेत गरिनु पर्दछ ।

५.३ **राजश्व परामर्श** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको राजश्व परामर्श समितिको २०८१।३।१ देखि ३।७ सम्म ३ वटा बैठक बसी राजश्वको दर निर्धारण गरे पनि श्रोतगत र क्षेत्रगत रुपमा प्राप्त गर्न सकिने आन्तरीक आयको प्रक्षेपण गरेको छैन। स्थानीय सरकार सञ्चालन ऐन बमोजिम राजश्व परामर्श समितिले राजश्वको श्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने आयको अनुमान गर्न राजश्व परामर्श समिति गठन गर्ने र समितिको नियमित बैठक बसी पालिकाको आय बृद्दि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५.४ **योजना प्राथमिकीकरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा संचालन गरेका योजनाहरुको विवरण पेश गरेको छैन । लेखापरीक्षणको सिलसिलामा अधिकांश योजना साना र वितरणमुखी रहेको पाईयो। साना र वितरणमुखी योजना संचालन गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

५.५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**स्थानीय तहको एककृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	कूल खर्च मध्ये प्रतिशत
१	आर्थिक विकास	५२११२	३२५०१	१२.७१
२	पूर्वाधार विकास	४९८१३	४२९८०	१६.६८
३	सामाजिक विकास	१२८५७८	११२१७३	४३.५३
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास सुशासन तथा सेवा प्रवाह	६५०	१५०	०.०५
६	कार्यालय सञ्चालन तथा प्रशासनिक	७९७७९	६९८९०	२७.१२
जम्मा		३१०९३२	२५७६९४	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा ४३.५३ तथा आर्थिक विकासमा १२.७१ प्रतिशत खर्च भएको छ भने वातावरण विकामा बजेट विनियोजन गरी खर्च गरेको छैन ।

५.६

खर्च बिश्लेषणः पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २९९९७२३। राजस्व बाँडफाँड रु. ४,९६,९५,४५३। र अनुदानबाट रु. २३,२९,७१,८२६। समेत रु. २८,५६,६७,००२। आम्दानी भएकोमा चालु तर्फ रु. १८,०१,५६,७३३। र पूँजिगत तर्फ रु. ८,२५,१०,००७। समेत रु. २६,२६,६६,७४०। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.४८,१२,०००। खर्च भएको छ जुन आन्तरिक आयको १६०.४१ प्रतिशित रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.५७ प्रतिशत चालु र ३१.४१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६ कार्यपालिका निर्णय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा कार्यबिभाजन र सम्पादन सम्बन्धी व्यवस्था अनुसार कार्यपालिकाको कार्यबिभाजन र कार्यसम्पदान सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमाजिम हुने कार्यपालिकाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सो नियमावलीमा उल्लेख हुनुपर्ने र नियमावलीबाट पदाधिकारीहरुको कार्य बिभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्म स्थानीय सरकार सञ्चालन ऐन बमोजिम हुने व्यवस्था छ । कार्यपालिकाले गर्ने निर्णयहरु स्थानीय सरकार संचालन ऐन. कार्य बिभाजन र कार्यसम्पादन सम्बन्धी नियमावली अनुसार हुनुपर्दछ । कार्यपालिकाले बिभिन्न समयमा बैठक बसी गरेका निर्णयहरु मध्ये केही निम्नानुसार छन्ः

मिति	निर्णय नं.	निर्णयहरु
२०८११४। २३	१	स्वीकृत दरवन्दी अनुसार रिक्त ४२ पदमा पदपूर्तिको लागि ४३ जना माग गर्ने निर्णय
२०८११६।९	५	करारका कर्मचारीलाई महंगी भत्ता दिने निर्णय
२०८११८। १९	९	भूलवस लेखा सहायक स्थायी पदपूर्तिको लागि माग गरिएकोले प्रादेश लोकसेवा आयोगलाई सो पदको माग रद्द गर्ने निर्णय
२०८११८। १९	७	वजेट विनियोजननै नभएको शिर्षकमा she leads Icon कार्यक्रमको लागि रु १ लाख दिने निर्णय
२०८२।२। १८	५	२०८०।८१ मा गाउँपालिकावाट विनियोजन भएको ठाडो कुलो बरवोटे लाब्री कुलोलाई रु १७२०००। प्रदेश सशर्त अनुदान वाट दिने निर्णय .

७ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुंजीगत खर्चतर्फ	८२५१०	७९३८	११२३४	६१३५	५७२०३	३४५३५
प्रतिशत		९.६२	१३.६२	७.४३	६९.३३	४१.८५

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ८२५१० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ७९३८ (९.६२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.११२३४ हजार (१३.६२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ६१३५ हजार (७.४३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.५७२०३ हजार (६९.३३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३४५३५ हजार (४१.८५

प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८ **आन्तरिक आय**

८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाको राजश्व परामर्श समितिले यसवर्ष शीर्षकगत आय अनुमान गरेको छैन । पालिकाको सुत्र प्रणालीमा रु ४०५५८४२। आय प्राप्त गर्ने अनुमान गरेकोमा रु २९९९७२३। प्राप्त गरी लक्ष्यको तुलनामा ७३.९६ प्रतिशत मात्र आय प्राप्त गरेको देखिन्छ ।पालिकाको सुत्र प्रणाली अनुसार आय अनुमाननै नगरेको कृषि तथा पशुजन्य बस्तुको व्यवसायीक कारोवारमा लाग्ने कर, अन्य सेवा शुल्क, परीक्षा दस्तुर, व्यवसाय रजिष्ट्रेशन दस्तुर, प्रशसनिक दण्ड जरिवाना तथा व्यवसाय कर जस्ता शिर्कमा केही रकम आम्दानी गरेको छ । राजश्व आयको प्रक्षेपण गर्दा शीर्षकगत आय प्रक्षेपण गर्ने र सभाले पनि सोही अनुसार आय अनुमान गर्नुपर्नेमा नगरेको तथा लक्ष्य अनुसार आय प्राप्त गर्न नसक्नुको कारण पत्ता लगाई पालिकाको आय बृद्धि गरिनु पर्दछ ।

८.२ **प्राकृतिक श्रोतको आय** - ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण गरी स्वीकृत गराई ढुङ्गा, गिट्टी, वालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा विक्री सम्बन्धी कार्य सम्बन्धित गाउँपालिकाले ठेक्का बन्दोबस्त वा अन्य उपयुक्त व्यवस्था गरी गर्न सक्नेछ । यस पालिकाको बिभिन्न स्थानबाट ढुङ्गा वालुवा उत्खनन भई उपभोक्ता समिति एवं निर्माणव्यवसायीले स्थानीय विक्रेतावाट ढुङ्गा, गिट्टी, वालुवा खरिद गरी निर्माण कार्यमा प्रयोग गर्ने गरेको देखिए पनि प्राकृतिक श्रोतको विक्रिवाट पालिकाले आय प्राप्त गरेको छैन । तसर्थ प्राकृतिक श्रोतको उत्खनन तथा विक्रिवाट पालिकाले आय प्राप्त गर्ने तर्फ ध्यान जानु पर्दछ ।

९ **सेवा प्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

विवरण	जम्मा
स्वीकृत घरनक्सा पास -अभिलेखिकरण	०
नागरिकता सिफारीश	१०४
पञ्जिकरणतर्फ	
जन्म दर्ता	१८७
मृत्यु दर्ता	९४
बसाई सराई दर्ता	५७
विवाह दर्ता	८३
सम्बन्ध विच्छेद दर्ता	१७
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०.८ किमि
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	१५ किमि
ग्राभेल सडक मर्मत	८ किमि

पालिकाले आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई प्रभावकारी सेवा प्रवाहतर्फ ध्यान दिनुपर्दछ ।

१० वित्तिय सामानीकरणवाट चालु खर्च

वित्तिय समानिकरणवाट चालुखर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा योजना तथा क्रियापलापहरु कार्यान्वियन गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध वित्तिय सामानीकरण श्रोतवाट विकास निर्माण तथा पूँजी निर्माणमा कार्यमा खर्च गर्नुपर्नेमा सवारी मर्मत, ईन्धन, मसलन्द, भ्रमण खर्च, गोष्टि जस्ता कार्यमा रु. २३,९२,६३१ । खर्च लेखेको पाईयो । ऐन निर्देशिका विपरित खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले ६० जनालाई यसवर्ष रु. ४९५०००। आर्थिक सहायता वितरण गरेको जुन आन्तरिक आय रु २९३३०३३ । को १६.८७ प्रतिशत रहेको छ। कार्यपालिका अध्यक्षको निर्णयको अनुसार खर्च लेखेकोमा न्यूनतम रु ४०००। देखि अधिकतम रु १५०००। सम्म रहेको छ । आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि तयार गरे पनि आर्थिक सहायता वितरण सम्बन्धी मापदण्ड नवनाई खर्च लेखेकोले आर्थिक सहायता सम्बन्धी मापदण्ड वनाई मापदण्ड अनुसार खर्च गर्नुपर्दछ ।

१२ कानून निर्माण एवं कार्यान्वियन

पालिकाको कानून निर्माण र कार्यान्वियन अवस्था निम्नानुसार छन्ः

१२.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ३ वटा नियमावली, ३१ कार्यविधि २ निर्देशिका, ३ मापदण्ड लगायत ५० वटा

कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले जारी गरेका वटा ऐन कानून मात्र स्थानीय राजपत्रमा प्रकाशित गरेको पाईयो । निर्मित कानून कार्यान्वयन गरिनु पर्दछ ।

१२.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्षको कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी विवाद नरहेको र यो बर्ष थप भएको ३ विवाद मध्ये २ फस्यौंट र १ कारवाहीको प्रकृयाको रहेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२.३ **नीति कार्यान्वयन** - पालिकाले गाउँसभा मार्फत स्वीकृत गरेको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिनु पर्दछ । गाउँपालिकाले आव २०८१।८२ को लागि स्वीकृत गरेको निम्नानुसारका नीति तथा कार्यक्रम कार्यान्वयन भएको पाईएन । स्वीकृत नीति तथा कार्यक्रम गर्न आवश्यक बजेट व्यवस्थापन गरी कार्यान्वयन गरिनुपर्दछ ।

शिक्षा तर्फ	बालबालिकाको हक अधिकारको सुनिश्चितताका लागि बालबालिका सम्बन्धी ऐन निर्माण नभएको, बालविकास केन्द्र तथा सहजकर्ता व्यवस्थापन सम्बन्धी कार्यविधि , बालक्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि बनाई लागु गर्ने	कार्यविधि नवनेको
स्वास्थ्य	निर्माणाधीन १५ शैय्याको मेन्छयायेम अस्पताललाई आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरी आधुनिक प्रविधिसहितको पूर्वाधारयुक्त अस्पताल बनाइनेमा	निर्माण कार्य अधुरो रहेको
	स्वास्थ्य संस्थामा मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाउने	कार्य सुरु नभएको
युवा तथा खेलकूद	युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउने नीति नवनेको , वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान र सीप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग सञ्चालन गर्ने	नीति नवनेको
भवन आवास तथा बस्ती विकास	भवन निर्माण संहिताको प्रतिपालन तथा नक्सा पासको लागि आवश्यक कानून तर्जुमा गर्ने	कानून नवनेको
	गौरब योजनाको रुपमा रहेको गाउँपालिकाको प्रशासनिक भवन २०८१।८२ भित्र निर्माण सम्पन्न गर्ने	निर्माणाधिन रहेको
कृषि तथा पशुपंक्षी	रसायनिक मल, किटनासक विषादीको न्यूनीकरण गर्दै जैविक विषादी बनाउने तालिमहरू सञ्चालन गरिने	तालिम संचालन नभएको
	कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी प्रा ङ्गारिक खेतीको आधारमा कृषकलाई प्रोत्साहन गरिने	कार्यक्रम सुरु नभएको
	कृषकद्वारा उत्पादित उत्पादनको विविधीकरण गर्न तालिमको व्यवस्था गरिने	विविधीकरण सम्बन्धि तालिम नभएको
	माटो परीक्षणको शिविर कृषि विकास शाखामै ल्याब सेवा स्थापना गरि सेवालाई थप प्रभावकारी बनाइने	ल्याव स्थापना नभएको
	उत्पादन योग्य बाँझो जमिनमा युवा लक्षित सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिने	कार्यक्रम सुरु नभएको
	किसान परिचयपत्र वितरण कार्यलाई थप प्रभावकारी वितरणमा जोड दिइने	गत वर्ष कामलाई यस वर्ष निरन्तरता नदिएको
वन वातावरण तथा विपद् व्यवस्थापन	फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कानूनको निर्माण गरी लागु गरिने	कानून नवनेको
संस्थागत, सुशासन, ऐन, कानून, न्याय तथा जवाफदेहिता	राजश्व सुधार योजना, सडक यातायात गुरुयोजना, निर्माण गरी लागू गरिने	योजना नवनेको
वित्तीय स्रोत परिचालन	कानून बमोजिम कर नतिर्नेहरूको समेत पहिचान खुल्ने कर प्रणालीको विकास गरिने	कर प्रणालीको विकास नगरेको
	करमा स्वेच्छिक सहभागिता अभिवृद्धि गर्न करदाता शिक्षा लागू गरिने	करदाता शिक्षा लागु नभएको

१३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१४ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र १७ सहकारी संस्था एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा समावेश भएको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सहकारीहरुको एकिकृत तथ्याँक संकलन गरेको छैन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१५ पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(३) मा कार्यालयले प्रचलित कानुन बमोजिम पेस्कीको म्याद नाघेको र ननाघेको छुट्टा छुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था छ । साथै नियम ५२(४) म्याद ननाघेको पेश्की रकमलाई बेरुजु नमानिने व्यवस्था छ । पालिकाले निम्नानुसार व्यक्तिहरुलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.९०,०००।- बाँकी रहेकोमा म्याद नाघेकोले नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

सि.नं.	पेश्की लिने व्यक्तिको नाम	प्रयोजन	रकम
१	आइतराज तामाङ्ग	सुरक्षित नागरिक आवास	४५०००
२	मंगल बहादुर तामाङ्ग	सुरक्षित नागरिक आवास	४५०००
जम्मा			९००००

पेश्की	९०,०००

१६ एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम

ठे.नं. ID-EGP/NCB/Hospital/2077-78-01/MRM १५ शैय्या अस्पताल भवन निर्माणः

स्काई-सगरमाथा जेभीसंग १५ शैय्या अस्पताल निर्माणको लागि मू.अ.कर सहित रु. १२,६२,७०,१७५।१६ मा २०८०।४।२० मा सम्पन्न गर्ने गरि २०७८।४।२१ मा सम्झौता भएको ठेक्काको ४ पटकसम्म म्याद थप भई २०८२।३।३० सम्ममा सम्पन्न गर्नु पर्ने रु. २,८७,६२,६९२।५३ भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

१६.१ **निर्माण स्थलको व्यवस्था** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थल व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुखविरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको स्वीकृत नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । त्यस्तै स्वास्थ्य भवन पूर्वाधार डिजाईन तथा निर्माण सम्बन्धी निर्देशिका २०७३ को अनुसूची २ मा निर्माण कार्यको ढिलाईको बिभिन्न कारण र समाधान मध्ये निर्माणस्थल यकिन गरेर मात्र बोलपत्र प्रकृया सुरु नगर्ने निर्देशन छ । निर्माण व्यवसायीले पटक पटक म्याद थप गर्दा निर्माणस्थलमा विद्युत प्रसारणको हाईटेन्सन

लाईन हटाई साईट उपलब्ध गराउन लामो समय लागेको र बर्षात तथा भौगोलिक कठिनाई लगायतका कारण देखाई म्याद थप माग गरेको र पालिकाले व्यवसायीको माग स्वीकार गरी म्याद थप गरेको पाईयो ।एकातिर ऐन तथा निर्देशिका विपरित निर्माणस्थलको सुनिश्चितता नभई ठेक्का व्यवस्थापन गरेको र अर्कोतर्फ निर्माण व्यवसायीले तदारुकता साथ कार्य नगरेकोले निर्माण कार्यमा सन्तोषजन प्रगति भएको छैन । सम्झौता अनुसारको समयभित्र कार्य सम्पन्न गराउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

१६.२ पेश्की - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(१) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई ऐनको दफा ५२क को अधीनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने र उपनियम २ मा यसरी दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रूपमा उपलब्ध गराउनु पर्नेछ ।पालिकाले निर्माण व्यवसायीलाई कृषि बिकास बैंकको APG ०९५/०१७५/२४ र ०९५/०२२१/५१४०/२३ को पेश्की सुरक्षणको आधारमा रु. १,२०,००,०००। पेश्की दिएकोमा जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण नियमित रूपमा उपलब्ध गराएको छैन । निर्माण कार्यको प्रगति न्यून रहेको, पटक पटक म्याद थप गरेको, निर्माण व्यवसायीले नियमित रुपमा निर्माण कार्य अगाडी नवढाएको तथा २०८२।३।३० पश्चात लेखापरीक्षण अवधि सम्म सम्झौताको म्याद थप समेत नभएकोले उपलब्ध पेश्की उद्देश्य अनुरुप खर्च भएको नदेखिएकोले उक्त पेश्की रकम असुल फर्स्यौट गर्नुपर्नुपर्दछ । यस सम्बन्धमा कार्यालयले असूल फर्स्यौट गरिने प्रतिवद्धता जनाएको छ ।

१६.३ **अद्यावधिक काम** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा विल विजकको भुक्तानी दिंदा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको २ वटा रनिङविलको नापजाँच गरी रु. २७५१६३३५। भुक्तानी दिएकोमा दोस्रो रनिङ विलसम्मको अद्यावधिक काम रु.२८७६२६९२। देखाएकोले पेश भएको ठेक्का विल यथार्थपरक देखिएन । भए गरेको कामको यथार्थ नापजाँच गरी अद्यावधिक विल तयार हुनुपर्दछ ।

१६.४ **बढी नापी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट दोस्रो रनिङ्ग बिलको प्राविधिक नापी परीक्षण गर्दा आईटम नं ११ मा providing reinforcement bar grade 415 of above working including straightening, cleaning, cutting, bending, binding with 20 swg annealed wire and fixing in position as per drawing, bar bending schedule for raft foundation, column, beam, wall, stair लगायतका कार्यको नापी गर्दा ७१.६६ मेट्रिक ट्रनको व्यवसायीले सम्झौतामा उल्लेख गरेको दर रु. १०१०००। का दरले गणना गरी मू.अ. कर वाहेक ७२३७६६०। भुक्तानी गरेको छ । तर प्राविधिकले गणना गर्दा निम्नानुसार स्टिरफस कार्यको फरक तवरले निर्माण व्यवसायीलाई फाईदा पुग्ने गरी भुक्तानी गर्दा ६.२८५ मेट्रिक ट्रनको निर्माण व्यवसायीले कवोल गरेको दरले रु. ६३४७८५। र मू.अ.कर रु. ८२५२२। समेत रु. ७१७३९७। बढी भुक्तानी गरेकोले यसरी बढी नापजाँच गर्ने प्राविधिकलाई जिम्मेवार बनाई असूल गर्नपर्ने रु.

विवरण	संख्या	लम्वाई	जम्मा लम्वाई	युनिट तौल प्रति मिटर	वास्तविक परिमाण	भुक्तानी गरेको परिमाण	फरक
Stirrups							
8mm @ 2 nos	१५००	२.३	३४५०	०.३९	१३४५.५	२१०४.५	७५९
8mm @ 2 nos	१५००	२.३	३४५०	०.३९	१३४५.५	२१०४.५	७५९
Stirrups (8mm @ 1 nos)	११५२	२.२	२५३४.४	०.३९	९८८.४१६	६२३४.६२	५२४६.२
Total					३८३११.१३४	४४६५६.१९	६२८०.५१

असुल गर्नुपर्ने	७,१७,३९७

१६.५

कार्यप्रगति – निर्माण व्यवसायीले सम्झौता गर्दाका बखत पेश गरेको निर्माण कार्यतालिका बमोजिम कार्य गर्नु पर्दछ । सम्झौता गर्दाका बखत २ बर्षभित्र कार्य सम्पन्न गर्ने गरि कार्यतालिका पेश गरेकोमा २०८२ असार मसान्तसम्मको अवधिमा २०० प्रतिशत समय व्यतित हुँदा २२.७७ प्रतिशत मात्र वित्तिय प्रगति भएको देखिन्छ। पालिकाको अध्यक्ष सहित कार्यालयका पदाधिकारी र निर्माण व्यवसायी विच २०८० मंसीर २२, २०८० फागुन २४ र २०८१।२।४ मा बैठक बसी भएको छलफलको माईन्युट अनुसार निर्माण व्यवसायीको आन्तरीक लापरवाही/ ढिलासुस्तीका कारणले काममा ढिलाई भएको स्वीकार गरी २०८२ असार मसान्त सम्ममा तोकिएको काम सम्पन्न गर्ने र तोकिएको कार्य समयमा सम्पन्न नभए जुनसुकै कारवाही गरेमा मञ्जुरी रहेको निर्णय गरेकोमा निर्माण व्यवासयीले बैठकको निर्णय अनुसार र सम्झौतामा उल्लेख गरेको कार्यतालिका अनुसार कार्य गरेको छैन। निर्माण व्यवसायीलाई ताकेता गरी सम्झौता अनुसारको कार्य समयमै सम्पन्न गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१६.६ **स्थलगत अवलोकन** – स्वीकृत योजना सम्बन्धित निकायले कार्यतालिका बनाई कार्यन्वयन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा निर्माणाधिन अस्पतालको कार्यालयका सम्वद्ध पदाधिकारी तथा लेखापरीक्षण टोलीवाट संयुक्त रुपमा स्थलगत अवलोकन गरियो । अवलोकनको क्रममा अस्पतालको भुईतल्लाको स्ल्याव ढलानको लागि डण्डि बाँध्दै रहेको तर अपुरो रहेको, निर्माण व्यवसायी तथा उसको प्रतिनिधि निर्माणस्थलमा उपस्थिति नरहेको, निर्माणस्थलमा ३।४ ट्रक वालुवा र केही टन डण्डि रहेको निर्माण सम्बन्धि यन्त्र उपकरण नरहेको तथा निर्माणस्थल नजिकै भेटिएका पूर्व कामदार सहदेव राईको भनाई अनुसार व्यवसायीले आफू लगायत धेरै कामदारको ज्याला नदिएकोले काम छाडेर हिंडेको, भनाई रहेको छ । निर्माण व्यवसायीलाई सम्झौता अनुसार काम गर्न लगाउने वा प्रचलित कानून एवं सम्झौता बमोजिम कारवाही गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

निर्माणाधिन अवस्थामा रहेको भवनमा ढलानको लागि अपुरो डण्डि बाँधेको अवस्था

१७ गाउँपालिका पूँजिगत तर्फ

१७.१ **आयोजना अनुगमन** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रायजसो वडास्तरिय कार्यक्रममा वडा अध्यक्ष र गाउँस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उप प्रमुखको अध्यक्षतामा रहेको गाउँस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमनबाट यतिखर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । आयोजनामा कमि कमजोरी वा गुणस्तरसम्बन्धी प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ ।साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

१७.२

आयोजनाको गुणस्तरः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय बनाउन त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ । पालिकाले आयोजना कार्यान्वय गर्दा कतिपय भवन, खानेपानी, सिचाइ जस्ता संरचनाहरुमा निश्चित अशको लागि मात्रै रकम विनियोजन गरी काम गराउदा त्यस्ता संरचना लामो समयसम्म पूर्ण नहुने, वातावरणीय प्रभाव लगायतको कारणले गुणस्तरमा ह्रास आउन सक्ने सम्भावना रहन्छ । त्यस्तै पालिकाले उपभोक्ता समितिबाट काम भएका सबै प्रकृतिका आयोजनामा गुणस्तर परीक्षण अनिवार्य गरेको पाइएन । तसर्थ आयोजना एकैपटक पूर्ण रुपमा सम्पन्न हुने गरी र सबै आयोजनाको प्रत्यक चरणमा गुणस्तर परीक्षण अनिवार्य गर्ने व्यवस्था गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ ।

१७.३ **न्यूनतम दररेटः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले तेह्रथुम जिल्ला दररेटलाई आधार लिने निर्णय बमोजिम निर्माण सामाग्रीमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री जिल्ला स्थीत आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ । अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुपर्नेमा धनकुटा/विराटनगरलाई आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ । स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

१७.४ **नर्म्समा भिन्नताः** पालिकाले निर्माण कार्यमा परिमाण बिष्लेषणको लागि प्रयोग गरिएको नर्म्स कुन निकायको र कहिलेको हो भन्ने व्यहोरा लेखापरीक्षणको लागि पेश हुन सकेन । निर्माण आयोजना अन्तर्गत हुने कार्य आइटममा सम्बन्धित कार्य क्षेत्र अनुसारको नर्म्सको प्रयोग हुनुपर्दछ ।

१७.५ **कन्टेन्जेन्सी** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सृजना हुने अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कन्टेन्जन्सी खाता राखेको छैन । प्राप्त विववरण अनुसार ३० योजनाबाट रु६४८४०० कन्टेन्जेन्सी खर्च गरेकोमा निर्माण कार्य सम्बन्धि वर्कचार्ज र अन्य सानातिना खर्च नछुट्टयाई योजना किताव छपाई मसलन्द व्याग जुत्ता तथा व्याग खरिद जस्ता कार्यमा खर्च गरेको छ । निर्देशिकाको पालना गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

१८ **ठे.नं. 06/MRM/W/NCB2079/80 प्रशासकिय भवन**

पालिकाको प्रशासकिय भवन निर्माणको लागि मू.अ. कर सहित रु. ६८२९१६७३। मा २०८२ असार मसान्त सम्ममा सम्पन्न गर्ने गरि २०८० भाद्र १ मा निर्माण व्यवसायी शान्ती/ सिडिएस जे.भि.संग सम्झौता भएको निर्माण कार्यको चौथो रनिङ विलसम्म रु. ४,८९,४६,०३२। भुक्तानी दिएको छ । निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

१८.१ **घटी कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (४) मा बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्नेछ । यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकममा कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ । लागत अनुमान रु.८,९३,९१,७२६।३५ रहेको प्रशासकिय भवन निर्माण कार्यको निर्माण व्यवसायी शान्ती/ सिडिएस जे.भि.ले रु.६,८२,९१,६७३। मा कबुल गरी सम्झौता गरेकोमा रु. ७२,६०,२३०। कार्यसम्पादन

जमानत आवश्यक पर्नेमा रु.७१,२०,०००। लिई सम्झौता गरी कार्य गराएकोले नपुग जमानत रु.१,४०,२३०। थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,४०,२३०

१८.२ **बढी भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायीले पेश गरेको कर विजक अनुसार विमा रु. ४०७७२९। पेश गरेकोमा रु. ४२६९४४। भुक्तानी दिइ रु. १९२१५। बढी र प्रयोगशाला परीक्षण वापत रु. ५२९८७। को विल पेश गरेकोमा रु. ६१३५९। गरी रु. ८३७२। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।समेत रु. २७५८७। बढी भुक्तानी दिएकोले सम्बन्धितवाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२७,५८५

१८.३ **अद्यावधिक काम** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी दिंदा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको ४ वटा रनिङविलको नापजाँच गरी रु ४८९४६०३२। भुक्तानी दिएकोमा चौथो रनिङ विलसम्मको अद्यावधिक काम रु.४८५७२८११। देखाएकोले भुक्तानी भएको भन्दा ३७३२२१। को अद्यावधिक काम कम देखएकोले कामको यथार्थ नापजाँच गरी अद्यावधिक विल तयार गरेको प्रमाण पेश हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३,७३,२२१

१८.४ **प्लाष्टर कार्य** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा नियमावलीमा तोकेको व्यवस्थाको अतिरिक्त सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने भनी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको कुराहरुलाई समेत ध्यान दिई लागत अनुमान तयार गर्नु पर्दछ । प्रशासकिय भवन निर्माण कार्यमा ढलान गर्दा आईटम नं १३ मा Formwork shuttering and centering with 15 mm thick waterproof ply board and steel pole २७७५.३३ वर्ग मिटरको लागत परिमाण राखी निर्माण व्यवसायीले कवोल गरेको दर रु. ६०७। मा ढलान कार्य भएकोमा आईटम नं १२ मा सिलिङमा १२.५ एम एम प्लाष्टरिङ कार्यको १२०२.२१० बमी परिमाण लागत अनुमानमा रहेको र निर्माण व्यवसायीले रु. ६०७। दरले कवुल गरेको छ । साथै लागत अनुमानको आईटम नं १४ मा supplying and applying cement putty on plastered surface २१००.७० ब.मी. मध्ये १२०२.२१० बमी सिलिङको रहेको छ । ढलान कार्यमा वाटरप्रुफ प्लाई प्रयोग भएकोमा सिलिङमा प्लाष्टर नगरी सिमेन्ट पुट्टी गर्दा हुनेमा ढलानको चिल्लो सतहमा १:३ रेसियोको प्लाष्टर गरी चौथो रनिङ विलवाट ११७०.३७९ बमी परिमाणको निर्माण व्यवसायीले कवोल गरेको दर. ६०७। ले मु.अ.कर समेत रु. ८,०२,७७५। भुक्तानी भएको छ । लागत अनुमान तयार गर्दा नगरे पनि हुने कामको लागत अनुमान तयार गर्ने प्राविधिकलाई जिम्मेवारी बनाउनुका साथै यस्तो काम गरी भुक्तानी गर्दा कार्यालयलाई बढी व्ययभार परेको रु.

अनियमित भएको	८,०२,७७५

१८.५ **व्याण्ड भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्ययवस्था छ । चौथो रनिङ विल सम्मको भुक्तानी दिंदा शिल व्याण्ड तथा

लिन्टल कार्यको २१.६०८ घमी आरसिसि कार्य भएकोमा good quality local chimney made brickwork 1:4 c/s mortar up to ground floor in perfect level कार्यको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको परिमाण नघटाई भुक्तानी गरेकोले निर्माण व्यवसायीले कवोल गरेको गाह्रो लगाउने कार्यको प्रति घमी रु. २४००७।- का दरले रु. १०६९२०।– मू.अ.कर समेत रु ५८६१८० असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५,८६,१८०

१८.६
बढी नापी गणना : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट चौथो रनिङ्ग बिल सम्म आईटम नं ८ को TMT steel reinforcement bar fe 500 grade g including straightening, cleaning, cutting, bending, binding with 20 swg annealed wire and fixing in position as per drawing, bar bending schedule for raft foundation, column, beam, wall, stair लगायतका कार्यको ६०.२७५ मेट्रिक ट्रनको व्यवसायीले सम्झौतामा उल्लेख गरेको दर रु १४७७७७। का दरले गणना गरी मू अ कर वाहेक १००६५२०२। भुक्तानी गरेको छ । पेश भएको नापी कितावको आईटम नं ८ को गणना गर्दा ५९.१२७ मेट्रिक ट्रन मात्र रहेकोले वास्तविक परिमाण भन्दा बढी गणना गरी १.१४८ मेट्रिक ट्रनको निर्माण व्यवसायीले कवोल गरेको दरले रु. १४७७७७। र मूअक रु. ८२५२२। समेत रु. १९१७०२। बढी भुक्तानी गरेकोले यसरी बढी नापजाँच गर्ने प्राविधिकलाई जिम्मेवार बनाई असूल गर्नपर्ने रु.

असुल गर्नुपर्ने	१,९१,७०२

१९ **मेन्छ्यायेम ढाप पार्क निर्माण**

पालिकाले मेन्छ्यायेम ढाप पार्क निर्माणको लागि कुन्सालिङ्ग कन्स्ट्रक्सन प्रालीसंग मिति २०७९।११।३० मा सम्पन्न गर्ने गरी रु.२,९२,४६,५०६।- को मिति २०७८।६।१४ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

१९.१ **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा सोही नियममा उल्लेख छ । पालिकाले मेन्छ्यायेम ढाप पार्क निर्माण कार्यको लागि ३० प्रतिशत लागत साझेदारी हुने गरी रु.४,६०,००,०००।- को लागत अनुमान तयार गरेको देखिन्छ । संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयबाट मिति २०७७।११।५ को पत्रबाट मिति २०७९ फाल्गुण मसान्तसम्म सम्पन्न गर्ने गरी योजना कार्यन्वयन गर्न पत्र पाप्त भएको छ । निर्माण व्यवसायीले सम्झौता पश्चात कार्य सुरु गरी छैठौं रनिङ्ग बिलसम्म रु.१,७९,३९,१५३।- भुक्तानी गरेको छ । हालसम्म भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगती ६१.३३ प्रतिशत भएको देखिन्छ । सम्पन्न गर्नुपर्ने मिति २०७९।११।३० सम्म रहेकोमा ३ पटकसम्म म्याद थप भएकोमा पुन: मिति ०८१।१०।२९ को कार्यपालिकाको बैठकबाट २०८२ आषाढ मसान्तसम्म थप गरेको छ । पालिकाले म्याद थप गर्नु अगाडि ति कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । ठेक्काको म्याद सकिएकोले पालिकाले पूर्वनिर्धारित क्षतिपूर्ति लिई निर्माण कार्य समयमै सम्पन्न गर्न पहल गर्नुपर्दछ ।

१९.२ **कार्य सम्पादनको म्याद थप :** मेन्छ्यायेम गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ११९(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम १ बमोजिमको कार्य सम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तिमा एक महिना बढिको हुनुपर्ने व्यवस्था छ । ठेक्काको कार्य सम्पन्न

गर्नुपर्ने म्याद मिति २०८२ आषाढ मसान्तसम्म रहेकोमा कार्य सम्पादन जमानत रु.६३,७५,६६७।- को म्याद २०८२।११।३० सम्म रहेकोले त्रुटि सच्याउने अवधिसम्मको म्याद थप गरी पेश गर्नुपर्दछ ।

१९.३ सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूवार्नुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । साथै सम्झौताको एससिसिको सि.नं. ४५ मा If the final quantity of the Work done differs from the Quantity in the bill of Quantities for the particulars item by more than 25 percent भएमा भेरियसन गर्नुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको पाँचौ रनिङ्ग बिल रु.१०,२७,७४५।- भुक्तानी गर्दा पिसिसि १:२:४ अराउन्ड द पोण्ड ब्राउन्ड्री फर रेलिङ्गको कस्ट इस्टिमेटमा १.८८ परिमाण रहेकोमा पाँचौ रिनङ्ग बिलसम्म १६.१२ परिमाणको रु.१३,०००।- को दरले रु.२,०९,५६०।- भुक्तानी गरेको देखिन्छ । सो परिमाण सुरु कस्ट इस्टिमेटको ७५७.४४ प्रतिशत बढि भएकोले वास्तविक काम भए नभएको यकिन गर्न सकिएन । पालिकाले प्राविधिकबाट वास्तविक काम गरेको यकिन गरी भेरियसन गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,०९,५६०

२० **बचत रकमबाट पुन कार्य**

२०.१ कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा (१) बमोजिम प्रदेश स्रोतबाट सञ्चालन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन नपाइने र यसरी बचत हुने रकम सम्वन्धित निकायले तालुक मन्त्रालय मार्फत बजेट समर्पण गर्नुपर्ने व्यवस्था छ । पालिकालाई मोराहाङ्ग संग्रान्ते सडक सतरन्नतीको लागि प्रदेश समपुरक अनुदानबाट प्राप्त रु.३२ लाख ५० हजार र आन्तरिक श्रोत रु.१७ लाख ५० हजार व्यहोर्ने गरी रु.४९,१७,०१८।१७ को लागत अनुमान तयार गरी तुलसी निर्माण सेवासंग सम्झौता गरी कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.३०,३२,३११।- भुक्तानी गरेको छ । कार्यपालिकाको मिति २०८१।८।२० बाट निर्णय गरी बचत रकमबाट पुन काम गर्न रु.४,५६,४५८।- को लागत अनुमान तयार गरी टिएमजे निर्माण सेवासंग कार्य गराएको छ । पालिकाले भौ.नं. ३६।०८२।३।२३ बाट काम सम्पन्न पश्चात प्रदेश समपुरक अनुदानबाट रु.२,१७,०००।- र आन्तरिक श्रोतबाट रु.२,३४,५०२।- भुक्तानी गरेको छ । बचत रकमबाट थप कार्य गराउँदा तालुक मन्त्रालयबाट स्वीकृति तथा समर्थन बेगर खर्च लेखेकोले खर्च स्वीकृति समर्थनको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,१७,०००

२०.२ समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १२ बमोजिम प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ । पालिकालाई पावरहाउस मोराहाङ्ग मंगलबारे सडक सतरन्नतीको लागि संघीय समपुरक अनुदानबाट प्राप्त रु.५० लाख र आन्तरिक श्रोत रु.५० लाख समेतको लागत सहभागितामा रु.९९,९९,९१०।२८ को सुरु लागत अनुमान तयार गरी साक्फारा निर्माण सेवासंग सम्झौता गरी कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.५८,३२,७३१।- भुक्तानी गरेको देखिन्छ । कार्यपालिकाको मिति २०८१।८।२० बाट निर्णय गरी बचत रकमबाट पुन काम गर्न रु.३९,९४,०९९।२६ को लागत अनुमान तयार गरी मिति ०८२।३।२० मा सम्पन्न गर्ने गरी रु.३८,९४,२२५।९९ को मिति २०८२।२।२ मा साक्फारा निर्माण सेवासंग सम्झौता गरेको पाइयो । पालिकाले भौ.नं. ५०।०८२।३।२४ बाट काम सम्पन्न पश्चात संघिय समपुरक अनुदानबाट रु.२९,००,२७३।- र आन्तरिक श्रोतबाट रु.१०,८०,६१२।- भुक्तानी गरेको छ । बचत रकमबाट थप काम गराउँदा सम्बन्धित निकायसंग स्वीकृत लिएको नदेखिएकोले थप कार्यको स्वीकृति समर्थन लिनुपर्दछ ।

२१ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा

पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

२२ **बोलपत्र सुचना आह्वान**

मेन्छयायेम गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ३२ मा पालिकाले रु.२० लाख रुपैयाँ भन्दा बढिको निर्माण कार्य गराउँदा बोलपत्रको माध्ययमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले पावर हाउस मोराहाङ्ग मङ्गलबारे सडक निर्माणको लागि संघिय सरकारबाट प्राप्त रु.५० लाख र पालिकाको रु.५० लाख गरी रु.१ करोडको बजेट विनियोजन गरी रु.९९,९९,९१०।- को लागत अनुमान तयार गरी ठेक्का आह्वान गर्दा रु.५८,३२,७५१।५४ कबोल गर्ने साक्फारा निर्माण सेवा प्रालिसंग मिति २०८१।८।२० मा सम्झौता गरी कार्य सम्पन्न गरेको देखिन्छ । पालिकाले मिति २०८१।१०।१० को कार्यपालिकाको निर्णयबाट बचत भएको रकमबाट पुन सोही स्थानमा कार्य गर्न रु.३९,७५,५०५।- को लागत अनुमान तयार गरी स्वीकृत गरेको देखिन्छ । पालिकाले कार्यालयको वेभसाइटमा मात्र सुचना प्रकाशन गरी ठेका आह्वान गरेकोमा सोही निर्माण व्यवसायीको मात्र बोलपत्र पेश भई रु.३८,९४,२२५।९९ को सम्झौता गरी भौ.नं. ५०।०८२।३।२४ बाट रु.३८,९०,९३४।- भुक्तानी गरेको छ । राष्ट्रिय स्तरको पत्रिकाबाट बोलपत्र आह्वान गरी नियमावली बमोजिम खरिद कार्य गर्नुपर्दछ ।

२३ **मुन्धुमी चोत्लुङ मेन्छयायेम संरक्षण पर्यटन पूर्वाधार निर्माण**

पालिकाले मुन्धुमी चोत्लुङ मेन्छयायेम संरक्षण पर्यटन पूर्वाधार निर्माण कार्य गर्नका लागि रु.९९,९९,७३६।६० को लागत अनुमान तयार गरी रु.९९,३८,७१५।- मा चोत्लुङ मेन्छयायेम संरक्षण पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समितिसंग सम्झौता गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छन् ।

२३.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) बमोजिम लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । पालिकाले मुन्धुमी चोत्लुङ मेन्छयायेम संरक्षण पर्यटन पूर्वाधार निर्माण कार्यको मूल्य अभिवृद्धि कर, कन्टिन्जेन्सी, ओभरहेड र उपभोक्ता अंश समेत रु.१,२६,७८,६२१।- हुने निर्माण कार्यको रु.९९,९९,७३६।६० को लागत अनुमान तयार गरी मुन्धुमी चोत्लुङ मेन्छयायेम संरक्षण पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समितिसंग सम्झौता गरी रु.९९,३८,७१५।- को कार्य सम्पन्न प्रतिवेदनको आधारमा भौ.नं.३८।०८२।२।२८ र ५२।०८२।३।२५ बाट रु.८५,८४,८४३।- भुक्तानी गरेको छ । नियमावली विपरित रु.१ करोड भन्दा बढी लागत अनुमान हुने गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	८५,८४,८४३

२३.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले ताप्लेजुङ्ग, तेह्रथुम र संखुवासभाको संगमस्थलमा मुन्धुमी चोत्लुङ मेन्छयायेम संरक्षण पर्यटन पूर्वाधार निर्माण योजना अन्तर्गत शौचालय निर्माण गर्दा निम्नानुसार कामको बढी भुक्तानी भएको रु.१,०२,२५६।- समेत असुल गर्नुपर्दछ ।

सि.नं.	कामको नाम	क्वान्टिटि अनुमान	मिजरमेन्ट	फाइनल बिल	बढि परिमाण	दर	रकम
१	पिसिसि १:३	६१.२४	३०.३९	६१.२४	३०.३९	४५०	१२३११
२	पिसिसि १:४	३६७.१८	१३८.४८	३६७.१८	२२८.६९	४३७	८९९४५
जम्मा:							१०२२५६

२३.३ मेन्छयायेम गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारवाही गर्दा खरिद आवश्यकताको पहिचान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । साथै उपनियम ५१ मा प्रस्तावित निर्माण कार्यको कार्य क्षेत्र र उद्देश्य, भौतिक प्रकृति र अवस्था यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले मुन्धुमी चोत्लुङ मेन्छयायेम संरक्षण पर्यटन पूर्वाधार निर्माण अन्तर्गत शौचालय निर्माण गरेको छ । ताप्लेजुङ्ग, तेह्रथुम र संखुवासभाको संगमस्थलमा मेन्छयायेम डाँडामा युमाको प्रतिमा निर्माण, फुट ट्रेक ट्र्याक निर्माण, पोखरी निर्माण, चुमालुङ्ग निर्माण र शौचालय निर्माण लगायतका निर्माण कार्य गर्ने उद्देश्य राखि सो कार्यक्रम संचालन भएको देखिन्छ । सो कार्यका लागि संघीय सरकारबाट रु.९० लाख प्राप्त भएको देखिन्छ । पालिकाले सो बजेटबाट मुन्धुमी चोत्लुङ मेन्छयायेम संरक्षण उपभोक्ता समितिबाट काम गराई भुक्तानी भएको देखिन्छ । पालिकाले सो स्थानमा जाने सडकलाई स्तरोन्नती नगरेको, मेन्छयायेम डाँडामा युमाको प्रतिमा निर्माण लगायतका भौतिक संरचना समेत तयार नभएको अवस्थामा समेत ९.५/३ मिटरको शौचालय निर्माण गरी सम्पन्न गरेको छ । मुख्य पर्यटकिय स्थल तथा सो स्थानसम्म पुग्ने सडकको स्तरोन्नती नै नगरी शौचालय निर्माण गर्नु उचित देखिएन ।

२४ **बढि दर**

सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम जिल्ला दर रेट निर्धारण समितिले निर्धारण गरेको जिल्ला दर रेट अनुसार विभागीय नर्म्स प्रयोग गरी दर रेट विश्लेषण बमोजिम भुक्तानी गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिबाट काम गराउँदा झाडि फाड्ने, हार्ड कटिङ्ग, डण्डी, मेसिनरी वर्क र एचडिपि पाइपको काममा जिल्ला दर रेट प्रयोग गरी दर विश्लेषण गर्दा बढि दर कायम गरी रु.१,०६,०६२।- बढी भुक्तानी गरेकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

भौ.नं. र मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	परिमाण घन मिटर	तोकिएको दर	भुक्तानी दर	बढि दर	रकम
१४। ०८१। ८।२४	सडक सरसफाई वडा नं १, ४, ५ र ६	Clearing and Grubbing Road land lncluding uprooting rank vegetation, grass, bushes, shrubs and sapling upto 300 meter by mechanical means	११६५८०	४.३२	४.५४	०.२२	२५६४७
१५। ०८१। ८।२४	इवा खोला कसवे मर्मत उस	२२५ एमएम ६ पिएन एचडिपि पाइप फर क्रस ड्रेनेज वर्क	२४	३२६३	३५९५	३३२	७९६८
६६। ०८२। १।३०	सिरिङबारी सम्मेवा खोला कुलो मुहान मर्मत उस	हार्ड रक कटिङ्ग	१.२१	१८५३	१३५७०	११७१७	१४१७७
१४०। ०८२। ३।१८	श्रीजुंगा मावि नाली व्यवस्थापन उस	Reinforcement for Slab	१६२३.३७	१४८.२६	१५२	३.७४	६०७१
२०। ०८१। ९।४	वडा नं ३ सडक सरसफाई उस	Clearing and Grubbing Road land lncluding uprooting rank vegetation, grass, bushes, shrubs and sapling upto 300 meter by mechanical means	७६४००	४.३२	४.५४	०.२२	१६४००
३। ०८२। ३।२५	आधारभुत स्वास्थ्य सेवा भवन निर्माण उस	Reinforcement for Slab	४२५९.७२	१४८.२६	१५२	३.७४	१५९३१
५३। ०८२। ३।२५	मुन्धुमी चोत्लुङ मेन्छ्यायेम संरक्षण उस	Reinforcement for Slab	११४३.३८	१४८.२६	१५२	३.७४	४२७६
		Reinforcement for Slab	९२५.१८	१४८.२६	१५२	३.७४	३४६०
१५१। ०८२। ३।२१	वडा कार्यालय पेटी निर्माण उस	फर्म वर्क	१९.६	४१३	१०३२	६१९	१२१३२
जम्मा:							१०६०६२

असुल गर्नुपर्ने	१,०६,०६२

२५ **बढि भुक्तानी**

मेन्छ्यायेम गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १०७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कन्स्ट्रक्सन अफ पावर हाउस मोराहाङ्गको लागि मिति २०८२।३।२० मा सम्पन्न गर्ने गरी रु.५८,३२,७३१।- को मिति २०८१।८।२० मा साक्फारा निर्माण सेवासंग सम्झौता भएको देखिन्छ । पालिकाले भौ.नं. १६१।०८२।३।२३ बाट निर्माण व्यवसायीलाई कार्य सम्पन्न पश्चात रु.२९,००,२७३।- को अन्तिम बिल भुक्तानी गर्दा ह्यान्ड प्याक सोलिङ्गको नापी अनुसार ९२०.४५ घन मिटर भुक्तानी गर्नुपर्नेमा ९६७.७७ घन मिटर भुक्तानी गरेकोले ४७.३२ घन मिटरको रु.२,२००।- का दरले रु.१,०४,१०४।- बढि भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,०४,१०४

२६ बिल भर्पाई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण कार्य गर्न निम्नानुसार निर्माण व्यवसायीहरुसंग सम्झौता गरी कार्य गरेकोमा पिएस आइटमको बिल पेश नगरेकोले सो पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

भौ.नं. र मिति	कार्य	निर्माण व्यवसायी	सम्पन्न रकम	पिएस आइटम	रकम
२४।०८२।३।६	मोराहाङ्ग संग्रान्ते लाब्री सडक	तुलसी निर्माण सेवा	३०३२३११	बिमा	४५०००
५०।०८२।३।२४	पावर हाउस मोराहाङ्ग मङ्गलबारे सडक	साक्फारा निर्माण सेवा	३८९०९३४	ल्याव टेष्ट	१००००
जम्मा					५५०००

प्रमाण पेश नगरेको	५५,०००

२७ ढुंगाको रोयल्टी

कोशी प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ८ बमोजिम प्रदेशभित्र प्राकृतिक स्रोत संकलन तथा बिक्री वापतको शुल्क अनुसूची-६ बमोजिम असुल गरिने व्यवस्था छ । सो अनुसूचिमा ढुंगाको संकलन प्रति क्यू फिट रु.७।- को दरले गर्न सकिने व्यवस्था छ । यस पालिका अन्तर्गत विभिन्न योजनाहरूमा निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत निर्माण कार्यहरू गर्दा योजनाहरू सञ्चालन भएका ठाउँमा प्रयोग भएका ढुङ्गा प्रयोग गर्दा कोशी प्रदेश सरकारले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्वन्धित स्थानिय तहमा बुझाउनु पर्ने व्यवस्था रहेकोमा सो बुझाएको देखिएन । पालिकाले ढुंगाको प्रयोग भएकोमा कलेक्सन तथा फुटाएको रकम दिनुपर्ने तथा ढुंगाको समेत रकम भुक्तानी गर्दा ढुंगाको रोयल्टी उठाई पालिकाको राजस्व खातामा दाखिला गर्नुपर्दछ । पालिकाको स्रेस्ता परीक्षण गर्दा उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुले ढुंगा खरिद गरेको बिल तथा भर्पाई पेश गरेको देखिएन । निर्माण व्यवसायीहरुले कहाँबाट ढुंगा ल्याएको हो सो खुल्ने प्रमाण देखिंदैन । पहाडि क्षेत्रमा ढुंगा उपलब्ध हुने भएकोले सोही स्थानको ढुंगा प्रयोग हुने देखिन्छ । प्रयोग भएको ढुंगा निर्माण व्यवसायी वा उपभोक्ता समितिले सम्वन्धित पालिका वा जहाँबाट ल्याई प्रयोग गरेको हो त्यहाँ खरिद गरेका प्रमाण तथा कोशी प्रदेश सरकारको आर्थिक ऐन बमोजिम तोकेको शुल्क तिरेको प्रमाण पेश भएको नदेखिएकोले उक्त योजनाहरूमा प्रयोग भएको ५७५९ घनमिटर ढुंगाको रु.२७९।- का दरले रु.१६,०६,८२५।- रोयल्टी तिरी निर्माण कार्य गर्ने सम्बन्धमा छानबिन गरी राजस्व छुट हुन नदिने व्यवस्था गर्नुपर्दछ ।

२८ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले चन्दा, पुरस्कार, आर्थिक सहयोग, खाना, खाजा तथा पत्रपत्रिका लगायत विषयमा विविध खर्च शिर्षकवाट रु.१७,८०,५३३।- खर्च लेखेको पाईयो । आन्तरिक आयको तुलनामा विविध खर्चको प्रतिशत ५९.३६ रहेको छ । पालिकाको ३ वर्षको विधिध खर्चको स्थिति निम्नानुसार छ ।

आर्थिक वर्ष	रकम
२०७९।८०	१५००३६५
२०८०।८१	१५४६२९०
२०८१।८२	१७८०५३३

खर्च लेख्दा बिललाई टुक्राई रु.२० हजार मुनिका बिल बनाएको, कार्यक्रममा सहभागी संख्या भन्दा बढीलाई खाना खाजा खर्च लेखेको, कतिपय खाजा खाना खर्च लेख्दा प्रयोजन खुलाएको देखिंएन । सालबसाली रुपमा विविध खर्च बढ्दै गएको देखिएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवारी बनाई विविध खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२९ **ईन्धन र मर्मत खर्च**

पालिकाले ईन्धन र मर्मत शिर्षकमा गरेको खर्चको तुलनात्मक विवरण निम्नानुसार छन्ः

२९.१ सवारी साधन प्रयोग भए अनुसार मिति, स्थान, गुडेको कि.मि., ईन्धन खपत भएको परिमाण समेत उल्लेख गरी सवारी चढ्ने पदाधिकारीको दस्तखत समेत गराई म.ले.प.फा.नं. ९०५ को ढाँचामा सवारी लगवुक राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले म.ले.प.फा.नं. ९०५ को ढाँचामा सवारी लगवुक राखेको छैन । कार्यालयवाट प्राप्त बिबरण अनुसार ३ आर्थिक वर्षको ईन्धन खर्चको अबस्था देहायवमोजिम छः

आर्थिक वर्ष	ईन्धन खर्च रु.
२०७९।८०	१४५३१७३
२०८०।८१	२२६५५२१
२०८१।८२	२४८३१४२

पालिकाले उपलव्ध गराएको विवरण अनुसार एम्वुलेन्स १ र पालिका प्रमुख चढने १ सहित २ वटा ४ पांग्रे सवारी साधन र १८ वटा मोटरसाईकल रहेको छ । १८ मोटरसाईकल मध्ये २ चालु हालतमा नरहेको र २ वटाको व्ल्यु बुक हराएको जिन्सी खातामा अभिलेख नभएको पाईयो । पालिकाको वार्षिक बजेटको विश्लेषण गर्दा पालिका तथा वडागत रुपमा ईन्धनको लागि रकम छुट्ट्याईएको छ । वडा नं १ र ३ मा संचालन नरहेको मोटरसाईकल रहेको अवस्थामा क्रमश रु.२०,०००।- र रु.५०,०००।- बजेट विनियोजन भई विनियोजित बजेट पुरै खर्च गरेको, सवारी साधन प्रयोग गर्ने कर्मचारीले मासिक रुपमा पाउने इन्धनको सिमा नतोकेको, निजी सवारी साधनहरुलाई पनि इन्धन दिएको, पालिकासंग असम्बन्धित व्यक्तिहरुलाई पनि इन्धन दिने गरेको र ईन्धन खर्च कुपन वितरण नियन्त्रणमा नरहेको, मासिक इन्धन लिनेको विवरण नराखेको तथा मौखिक आदेशको आधारमा ईन्धन दिने गरेको तथा ईन्धन खर्चको अभिलेख पाम्स भि२ मा नराखेको पाईयो । त्यस्तै ३ बर्षको ईन्धन खर्चको अवस्था हेर्दा प्रत्येक वर्ष ईन्धन खर्च बढदो रुपमा रहेको र यस वर्षको आन्तरीक आय रु.२९,९९,७२३।२२ को तुलनामा ईन्धन खर्च ८२.७७ प्रतिशत रहेको छ पालिकाले ईन्धन खर्चमा मितव्ययीता कायम गरेको नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

२९.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्नु पर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त अभिलेख अनुसार २ चार पाङ्ग्रे गाडी तथा १८ वटा दुई पाङ्ग्रे सवारी साधन समेतको मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी यस वर्ष रु.३२३३५२७। खर्च लेखेको छ । आन्तरिक आयको तुलनामा सवारी साधन मर्मत खर्चको प्रतिशत १०७.७९ रहेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । पालिकाले पेश गरेको विवरण अनुसार ३ आर्थिक वर्षको मर्मत खर्चको स्थिति निम्नानुसार छ ।

आर्थिक वर्ष	मर्मत खर्च रु.
२०७९।८०	१९०९७००
२०८०।८१	४३१२६४३
२०८१।८२	३२३३५२७

मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरेको, निजी सवारी साधनको मर्मतमा समेत खर्च लेखेको, मर्मत गरी फेरिएका सामानहरुको अभिलेख पाम्स भि२ मा नचढाएको, मर्मत खर्चको सिमा निर्धारण नगरी बिल अनुसार भुक्तानी गरेकोले पालिकाको समित सवारी साधनमा सालवसाली रुपमा मर्मत खर्च उल्लेख्य रुपमा बढी देखिएकोले अस्वाभाविक मर्मत खर्चलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

३०   स्थानीय भत्ता

नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७१।०३।२९ को निर्णय अनुसार २०७१।०४।०१ देखि लागू हुनेगरी स्थानीय भत्ताको दर निर्धारण गरेको छ । पालिकाले नेपाल सरकारले निर्धारण गरेको दर भन्दा बढी हुने गरी निम्नानुसारका कर्मचारीहरुलाई स्थानीय भत्ता भुक्तानी गरेकोले निर्णयले पाउने भन्दा बढी भुक्तानी दिएको स्थानीय भत्ता रकम सम्बन्धितवाट असूल गर्नुपर्ने रु.

क्र. स .	कर्मचारीको नाम, पद	निर्णय अनुसारको भत्ता दर	पालिकाले लेखेको भत्ता दर	बढी खर्च लेखेको दर	महिना	बढी रकम
१	विष्णु प्रसाद पोखरेल अधिकृत छैठौं	३९४०	८८००	४८६०	१२	५८३२०
२	संगम पौडेल अधिकृत	३९४०	८८००	४८६०	६	२९१६०
३	अभिषेक घिमिरे अधिकृत	३९४०	८८००	४८६०	६	२९१६०
४	बेद निधि दहाल लेखापाल	३२१०	५५१०	२३००	५	११५००
५	छलमाया ढुंगेल, सहायक पाचौं	३२१०	५५१०	२३००	१२	२७६००
६	बलराम कामत, सहायक पाचौं	३२१०	५५१०	२३००	१२	२७६००
७	विशाल गौतम, सहायक पाचौं	३२१०	५५१०	२३१०	१२	२७६००
८	अनिता जिरेल अ. ईन्जिनीयर	२७६०	४६००	१८४०	१२	२२०८०
९	ईश्वरी भट्टराई	३९४०	५०००	१०६०	१२	१२७२०
१०	संतोष भुजेल पाचौं	३२१०	५५१०	२३००	१२	२७६००
११	नेत्र राई सहायक पाचौं	३२१०	५५१०	२३००	१२	२७६००
१२	देवेन्द्र बस्नेत रोजगार संयोजक	३२१०	५५१०	२३००	१२	२७६००
१३	रविन दहाल सहायक पाचौं	३२१०	५५१०	२३००	१२	२७६००
१४	धनेशेवर गुरागाई शिक्षा पाचौ	३२१०	५५१०	२३००	१२	२७६००
१५	अनिपाल भण्डारी पाचौं	३२१०	५५१०	२३००	५	११५००
१६	ममता कठयात पाचौं	३२१०	५५१०	२३००	३	६९००
१७	अञ्जना राई चौथो	२७६०	४६००	१८४०	५	९२००
१८	धर्मसुन्दर लिम्वू का स पाचौ	३२१०	३५५०	२३००	१२	२७६००
१९	चौथों तारा देवी साम्वाहाम्फे सहायक	२७६०	४६००	१८४०	१२	२२०८०
२०	अजय मण्डल पाचौं	३२१०	५५१०	२३००	१२	२७६००
जम्मा						४८८६२०

असुल गर्नुपर्ने	४,८८,६२०

३१ **शिक्षकको दरबन्दी र पदपूर्ती**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका २२ वटा विद्यालय रहेकोमा कुल शिक्षकको दरवन्दी १५४ र विद्यार्थी संख्या १४५४ रहेको देखिन्छ । सो मध्ये श्री सदुवा आधारभूत विद्यालय मेन्छयायेम २, तेह्रथुम विद्यालयमा ४ जना विद्यार्थी मात्र रहेकोमा १ शिक्षक दरवन्दी रही शिक्षक विद्यार्थी अनुपात १:४ रहेको, त्यसै गरी श्री गौखुरी मावि मेन्छयायेम ५, तेह्रथुममा सवै भन्दा वढी विद्यार्थी २६९ रहेको र शिक्षक दरवन्दी २१ जना रही शिक्षक विद्यार्थी अनुपात १:१२८ रहेको छ । नेपाल सरकारको नीति वमोजिम शिक्षक विद्यार्थी अनुपात मिलान हुनेगरी विद्यालयहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

३२ **समानिकरणवाट शिक्षकको पारिश्रमिक भुक्तानी**

अन्तरसरकारी वित्त व्यवथापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमती प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबदी वाहिरका १६ जना शिक्षकलाई पर्व खर्च सहित बार्षिक बजेट रु.४२,५०,०००।रकम व्यवस्था गरी सो मध्ये रु. ४१,५१,०५६।– वित्तीय समानिकरण अनुदान बजेट शिर्षकवाट तलब खर्च लेखेको छ । स्वीकृत दरवन्दी वेगर थप शिक्षक नियुक्ति गरी तलब खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३३ **दिवा खजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि,२०८१।८१ को क्रियाकलाप नं.२.७.११.१ स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा खुवाउन प्रति विद्यार्थी दैनिक रु.१५ का दरले अनुदान निकास दिने व्यवस्था छ।साथै कृयाकलाप नं.को (च)मा गुणस्तरीय खाजाको व्यवस्थापनका लागि सङ्घीय सरकारबाट ससर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरित रकम अपर्याप्त भएमा स्थानीय तहबाट थप सोतको व्यवस्थापन गर्न एवं अभिभावक वा गैरसरकारी संस्थासँग साझैदारी गर्न सकिने समेत उल्लेख छ।पालिकाले दिवा खाजालाई व्यवस्थित वनाउन विभिन्न विद्यालयमा भान्से नियुक्ति गरी पारिश्रमिक भुक्तानी गरेको देखिन्छ।पालिकाले यस्ता अतिरिक्त खर्च पालिकाको आन्तरीक श्रोतवाट व्यवस्था गर्नुपर्नेमा वडागत बजेटमा समावेश गरी वित्तीय समानीकरणवाट नै रकम भुक्तानी गरेकोले उक्त खर्चलाई नियमसम्मत नदेखिएको रु.

सि. नं .	वडा नं.	विद्यालयको नाम	निकासा रकम रु.	कैफियत
१	१	विभिन्न विद्यालय २	१५००००	भान्सेको तलब(वडाको वजेट)
२	४	विभिन्न विद्यालय	१३००००	भान्सेको तलब(वडाको वजेट)
३	६	विभिन्न विद्यालय	१०००००	भान्सेको तलब(वडाको वजेट)
४	२	जनप्रिय माध्यमिक विद्यालय	३००००	भान्सेको तलब(तोक आदेशवाट)
		जम्मा रु.	४१००००	

अनियमित भएको	४,१०,०००

३४ **सेनिटरी प्याड**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष आफु अन्तर्गतको सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुका लागि निशुल्क प्याड वितरणका लागि गितास्वेनी प्रोमेड प्रा लि वाट प्रतिगोटा मूल्य रु.९०। (भ्याट सहित) का दरले रु.३,९१,९६९।६०–को ४३५५

थान प्याड सोझै खरिद गरेको देखियो। पालिकामा गत वर्षको मौज्दात ५९३५ थान, यस वर्षको खरिद ४३५५ थान गरी जम्मा १०२९० थान मध्ये ९७९० थान निकासा दिए पस्चात पालिकाको स्टोरमा ५०० थान मौज्दात रहेको देखियो। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा ५०० थान स्टक राखेको देखियो, पालिकाले बाँकी मौज्दात व्यवस्थापन र भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। अतः पालिकाले प्याड खरिद गर्दा आवश्यकताको पहिचान गरी सोही परिमाणमा मात्र प्याड खरिद गर्ने, गुणस्तर सुनिस्चित गर्ने, प्याड वितरण प्रणालीलाई व्यवस्थित वनाउने, साथै मौज्दात व्यवस्थापनलाई व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।साथै पालिकावाट विद्यालयलाई हस्तान्तरण भएको प्याड सम्बन्धित छात्राहरुले सुलभ र सहज रुपमा प्राप्त गर्ने गरेको सुनिस्चित गर्नुपर्दछ।

३५ **अतिरिक्त कक्षा सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गतका निम्न विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको SEE परिक्षालाई सहयोग पुर्‍याउने अतिरिक्त कक्षा सञ्चालन गर्न विद्यालयलाई थप रु २४००००। अनुदान निकासा गरेको देखियो। विद्यालयहरुले अतिरिक्त कक्षा सञ्चालन गरेको तथा विद्यार्थी उक्त कार्यक्रममा सहभागी भएको पुष्टि हुने प्रमाण कागजात पेश नगरेकोले थप अनुदान रकमबाट भए गरेको काम र खर्चलाई पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने रु.

सि. नं .	विद्यालयको नाम	निकासा रकम रु.	कैफियत
१	श्री गौखुरी माध्यमिक विद्यालय	६००००	अङ्ग्रेजी, गणित र विज्ञान
२	श्री जनप्रिय माध्यमिक विद्यालय	६००००	अङ्ग्रेजी, गणित र विज्ञान
३	श्री श्रीजुङ माध्यमिक विद्यालय	६००००	अङ्ग्रेजी, गणित र विज्ञान
४	श्री सिद्धेश्वर माध्यमिक विद्यालय	६००००	अङ्ग्रेजी, गणित र विज्ञान
	जम्मा रु.	२४००००	

प्रमाण पेश नगरेको	२,४०,०००

३६ **जिन्सि व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५,९६ र ९९ मा जिन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था छ ।उक्त व्यवस्था अनुसार कार्यालयले जिन्सी प्रतिवेदनमा उल्लेख भएका सामान मर्मत गर्नुपर्ने भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने ६ महिना भए भित्र लिलाम गरी सक्नु पर्दछ।महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा गत विगतमा मौज्दात रहेको खर्च भएर जाने सामान PAMS मा दाखिला नगरेको र PAMS v2 मा यस वर्ष खरिद भएका सामानहरुमात्र दाखिला गरेको पाईयो।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको पाईएन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। पालिकाले लेखापरीक्षण अवधि सम्म पनि जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको छैन ।समयमै जिन्सी

निरीक्षण गर्ने र प्रतिवेदन तयार गरी प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३७ जिन्सी प्रविष्टी

आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ बमोजिम अधिकार प्राप्त अधिकारीले बाहेक अरु कसैले पनि बजेट खर्च गर्न आदेश दिन वा खर्च स्वीकृत गर्न नमिल्ने व्यवस्था छ । सभाले वडागत रुपमा कार्यालय लगायत अन्य शिर्षकमा बजेट विनियोजन गरेपनि खर्च गर्ने अख्तियारी दिने गरेको छैन । कार्यालयको स्वीकृति बेगर वडा आफैले वडा कार्यालयको लागि विनियोजित बजेटबाट खरिद गर्न माग फारम भर्न, स्वीकृत गर्न तथा वडामै सामान दाखिला गरेको भनी कार्यालयले भुक्तानी खर्च लेख्ने गरेको देखियो। यसरी खर्च गर्दा खर्चमा नियन्त्रण नहनुका साथै खरिद भएका सामान PAMS मा प्रविष्ठी नभई एकीकृत सम्पत्ति विवरण तयार नहनुका साथै खर्चमा मितव्ययिता समेत नहुने अवस्था छ । खर्च गर्ने अख्तयारी बेगर वडा आफुले खरिद गर्न कार्यमा नियन्त्रण हनुपर्दछ ।

३८ जिन्सि दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा आम्दानी बाँधी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रु. १९४०००। मूल्यका ४ थान मोवाईल खरिद गरी जनप्रतिनिधी र कर्मचारीलाई प्रयोग गर्न दिएको मौखिक जानकारी दिए पनि पाम्स भि २ मा आम्दानी नवाँधेको तथा सहायक जिन्सी खाता समेत नराखेको भनि वेरुजु कायम गरेको सम्बन्धमा पालिकाले पछि पाम्स भि २ मा दाखिला गरी तथा सहायक जिन्सी खाता पेश गरेको छ। खरिद भएका मोवाईल पदाधिकारी र कर्मचारीले दोहोरो सुविधा उपयोग नगरेको सम्बन्धमा सुनिश्चितता हुनुपर्दछ।

सि. नं .	मोवाईको विवरण	खरिद मूल्य(भ्याट सहित)
१	One plus nord Ce 5G-16 I 256 GB	५९०००
२	One plus nord Ce 5G- 12 I 256 GB	५९०००
३	Samsung A26 5G- 8I 512 GB	४६०००
४	Honor X8B- 8I 512 GB	३००००
	जम्मा रु.	१९४०००

३९ जिन्सी सामान फिर्ता नगरेको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३(१) मा कुनै कर्मचारी सरुवा, अवकास, अध्ययन विदा, असाधारण बिदा जस्ता लामो विदामा बस्दा वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान, लगायत अन्य सरकारी सम्पत्ती बरवुझारथ गर्नुपर्ने व्यवस्था रहेको छ।यस पालिकामा कार्यरत लेखापाल निर्मल आचार्य २०८१ माघ ४ गते पालिकावाट सरुवा भई अन्यत्र जाँदा निजले प्रयोग गरेको रु.३५३९५। मुल्यको Redmi (v713) मोवाईल फिर्ता गरि स्टोर दाखिला गरेको देखिएन। सरुवा भई अन्यत्र गएका कर्मचारीले मोवाईल फिर्ता गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३५,३९५

४० अन्य निकायको खर्च

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाको आ.ब.२०८१।८२ को बजेट तथा कार्यक्रम अनुसार देहाय बमोजिमका अन्य संघ संस्थामा खर्च गरेको देखिन्छ।पालिकाले यस्तो प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ।

सि. नं .	संस्थाको नाम	रकम
१	बचत तथा ऋण सहकारी संघ लि.	६००००
२	श्री किराँत समाज सेवा जिल्ला कार्य समिति	५००००
३	रेडक्रस सोसाईटी	२५०००
४	सामुदायिक वन उपभोक्ता महासँघ	१५०००
	जम्मा रु.	१५००००

४१ **करार कर्मचारीको पारिश्रमिक**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कायबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबदी सृजना गर्न नसकिने व्यवस्था रहेको छ।यसैगरी ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथी उल्लेखित पदहरु वाहेक सूचना प्रविधि अधिकृत-१, ईजिनयर-१, सब ईजिनयर-२ अ.स.ई-३, सहायक चौथो ४, कृषि चौथो १ पशु पाचौँ-१, पशु चौथो-१ र स्वास्थ्य तर्फ २० जना गरी जम्मा ३२ जनाको वार्षिक पारिश्रमिक वापत रु.१,५०,५०,७८०।- भुक्तानी गरेको छ । पालिकाले उक्त पदहरुमा लोक सेवा मार्फत स्थायी कर्मचारी पदस्थापना गराउनेतर्फ पहल गर्नुपर्दछ ।

४२ **औषधि खरिद**

यस वर्ष पालिकाले संघीय सरकार सशर्त बजेट शिर्षकवाट रु.११,७१,०००। र पालिका चालु शिर्षकबाट रु.९,१४,६९०। समेत रु.२०,८५,६९०। औषधि खरिद गरेको पाईयो । औषधि खरिद सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

४२.१ क)सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित सामग्रीको त्यस्तो उत्पादकले राष्ट्रियस्तरको सामाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्रि मूल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष रु २०,८५,६९०। को औषधिजन्य सामग्री सोझै खरिद गरेकोमा उत्पादकले राष्ट्रियस्तरको सामाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्रि मूल्यमा खरिद नगरी ३ वटा सप्लायर्ससंग दर रेट लिई खरिद गरेको छ । औषधि खरिद गर्नुपूर्व यथार्थपरक लागत अनुमान तयार नगरेको, प्रतिस्पर्धा वेगर खरिद गरेको तथा अन्यपालिकाहरुले औषधि खरिद ठेक्का मार्फत गर्दा लागत अनुमानको तुलनामा ५२ प्रतिशत घटी सम्ममा खरिद गरेकोले खरिद प्रतिस्पर्धात्मक तवरले भएको छ भनी आश्वस्त हुन सकिएन।खरिद मितव्ययी तवरले गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४२.२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ मा कार्यालयले खरिद कारवाहीको तयारी गर्दा खरिद आवश्यकतो पहिचान गर्नुपर्ने व्यवस्था छ । पालिलकाले औषधि खरिद गर्नुपूर्व तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नु पर्ने र पुल सिस्टमको आधारमा आपूर्ती व्यवस्थापन गर्नु पर्दछ । खरिद गर्नु पुर्व आपुर्ति हुने औषधी वा अन्य सामान उत्पादन मिति, म्याद सकिने मिती, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपुर्ती भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समय देखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ । पालिकाले यसवर्ष तालुक निकायवाट प्राप्त हुने परीमाण यकिन नगरी खरिद गरेको, औषधी वा अन्य सामान उत्पादन मिति, म्याद सकिने मिति जस्ता विषयलाई ध्यान दिई भण्डारण र उपयोग गरेको देखिएन । प्राप्त औषधिको उचित भण्डारण व्यवस्था मिलाई औषधि खेर जान नदिने तर्फ ध्यान दिनुपर्दछ ।

४३ **पुस्तक खरिद**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सृजना हुने अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लिम्बुवानहरुको अभिलेख संग्रह २०८१ खरिद गरी रु. १,००,००० (अक्षरेपी रु. एक लाख मात्र) भुक्तानी गरेको देखियो।कानुन विपरित हुने खरिद नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१,००,०००

४४ **स्टल तथा सूचना केन्द्रको खरिद**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ७३(३) अनुसार अख्तियारी प्राप्त भएको रकम स्वीकृत बजेट भित्र रहेको हुनुपर्ने व्यवस्था छ।पालिकाले शी लिड्स आर्कईन संस्थाले राखेको कार्यक्रमको लागि स्टल तथा सूचना केन्द्रको खरिद र प्रदर्शनी समेत रु. १५७६३० खर्च लेखेको छ।स्वीकृत कार्यक्रम र बजेट व्यवस्था विपरित र कार्यक्रमको उपलब्धी, सहभागीको विवरण स्पष्ट नभएको खर्च लेख्ने कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,५७,६३०

४५ **महिला स्वंयमसेविका यातायात**

नेपाल सरकार संघीय सशर्त चालु कार्यक्रमबाट महिला स्वयं सेविकाहलाई यातायात खर्च र पोशाक खर्च उपलब्ध गराउदै आएकोमा गाउँपालिका चालु शिर्षकबाट समेत यातायात खर्च थप भुक्तानी गरेको छ । स्थानीय सरकारले आफ्नो आन्तरीक आयलाई मध्यनजर गरी थप प्रोसाहन सम्बन्धि कार्यक्रम गर्नु पर्दछ। पालिकाले महिला स्वयं सेविकाहलाई संघीय सशर्त अनुदानबाट उपलब्ध गराएको सुविधाको अतिरिक्त पालिकाको निर्णयानुसार मासिक रु ५००। थप गरी वार्षिक रु.६०००।का दरले ३६ जनालाई रु.२,१६,०००।०० भुक्तानी गरेको छ । पालिकाले आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी उस्तै प्रकृतिका कृयाकलापमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

४६ **दैनिक भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ मा कुनै पनि पदाधिकारी वा कर्मचारीले आफूखुशी निवेदन दिई काजमा खटिए बापत भ्रमण खर्च सुविधा नपाउने व्यवस्था छ। पालिकामा कार्यारत लेखापाल निर्मल आचार्य मिति २०८१।१०।०३ मा पालिकावाट अन्यन्त्र सरुवा भई गएकोकोमा रमाना पश्चात पालिकाको काममा गएको भनी रु.३०,०००। भ्रमण भत्ता भुक्तानी लिएको देखियो। कानून विपरीत सरुवा भई पालिकावाट रमाना लिएका कर्मचारीलाई भुक्तानी दिएको रकम असूल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	३०,०००

४७ **तलबी प्रतिवेदन पारित नभएको**

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नं ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्न पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु र पालिकाका चालु शिर्षक मार्फत पारिश्रमिक भुक्तानी हुने १९ जना कर्मचारीको रु.९८,१८,४४९। खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी पारिश्रमिक भुक्तानी गर्दा पाउनु पर्ने भन्दा बढी तलब भत्ता भुक्तानी हुन सक्ने तथा लेखापरीणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मा तलब भत्ता भुक्तानी गर्नुपदछ ।

४८ **महंगी भत्ता**

अर्थ मन्त्रालयले मिति २०७९।१।१५ मा नेपाल सरकारको निर्णय अनुसार विभिन्न निकायका स्वीकृत दरवन्दी करारमा कार्यरत कर्मचारीलाई महंगी भत्ता उपलब्ध नगराउने सम्बन्धी परिपत्र संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाएको देखिन्छ।त्यस्तै कोशी प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन,२०८० को दफा १४४(३)मा अस्थायी तथा करारका कर्मचारीले निजामती कर्मचारीले पाए सरह पोशाक भत्ता, चाडपर्ब खर्च र महंगी भत्ता पाउने उल्लेख छ। पालिकाले विभिन्न सेवा र पदमा कार्यरत ४३ जना करार कर्मचारीलाई ६ महिना सम्म मासिक

२०००। का दरले रु.५,१४,०००। महंगी भत्ता खर्च लेखेको छ। संङ्घीय सरकारको निर्णय विपरित प्रदेश सरकारले कानून बनाएको र प्रदेश कानून बमोजिम पालिकाले महंगी भत्ता खर्च लेख्दा पालिकालाई थप व्ययभार परेको छ।

४९ **समाजिक परिचालक**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा बाहेक करारमा कर्मचारी नियुक्त गर्न नपाईने व्यवस्था छ। नियम विपरित गाउँपालिकाले दुई जना समाजिक परिचालक नियुक्त गरी तलब भत्ता वापत खर्च लेखेको पाईयो।ऐनको विपरित कर्मचारी नियुक्ती गरी तलव भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७,९६,०००

५० **अनुगमन भत्ता**

कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनसुची-१ (क), (ख), (ग) र (घ) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने उल्लेख छ । उक्त व्यवस्था अनुसार गाउँपालिका अध्यक्षले मासिक रु.१०,०००। उपाध्यक्षले रु.१०,०००। वडा अध्यक्षले रु.४,०००। र कार्यपालिका सदस्यले रु.२,०००। का दरले मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ। अनुसूचिको द्रष्टव्यमा पालिकाका पदाधिकारीले मासिक रुपमा अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले पदाधकारीको मासिक सुविधा भुक्तानी गर्दा कुन योजना कहिले अनुगमन भएको, योजनाको अवस्था, राम्रो/कमजोर, तत्काल गर्नुपर्ने सुधार र भविष्यमा गर्नुपर्ने सुधार सहितको प्रतिवेदन पेश नगरी अनुगमन भत्ता भुक्तानी भएको देखिएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

सि. नं .	पद	संख्या	मासिक अनुगमन भत्ता दर	जम्मा महिना	जम्मा भुक्तानी रू.
१	गाउँपालिका अध्यक्ष	१	१००००	१२	१२००००
२	उपाध्यक्ष	१	१००००	१२	१२००००
३	वडा अध्यक्ष	६	४०००	१२	२८८०००
४	का.पा. सदस्य	६	२०००	१२	१४४०००
	जम्मा रु.				६७२०००

प्रमाण पेश नगरेको	६,७२,०००

५१ **कार्यसम्पादन मूल्यांकन भत्ता**

सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ को दफा ३ (क) अनुसार नियमित कामको लागि बैठक भत्ता प्रदान गरिने छैन भनी व्यवस्था रहेको छ । पालिकाले कार्यरत अधिकृत र सहायक पाचौं स्तरका कर्मचारीहरुको आ.व. २०८०।०८१ को बार्षिक कार्यसम्पादन मूल्यांकन गरे वापत मूल्यांकन पुनरावलोकन समितिका सदस्यहरुलाई बैठक भत्ता दिईएको देखियो।कानुन विपरित दिईएको बैठक भत्ता सम्बन्धित समितिका सदस्यहरुबाट असुल गर्नुपर्ने रु.

क्र.स.	कर्मचारीको नाम,	पद	बैठक संख्या	रकम
१	केदार नाथ शार्मा	प्रमुख सचिव	१	१७००
२	बद्री कुमार कार्की	प्रदेश सचिव	२	३१५५
३	अम्बिका प्रसाद चौलागाइ	उप सचिव	२	३१५५
४	राजेन्द्र पराजुली	अधिकृत सातौं	१	१७००
५	राम बहादुर कुवँर	अधिकृत सातौं	१	१४४५
६	बिशो राजवंशी	अधिकृत छैठौं	१	१४४५
७	बिट्टु कार्की	नायब सुब्बा	२	३१५५
जम्मा				१५७५५

असुल गर्नुपर्ने	१५,७५५

५२ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली,२०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको र नियमावलीकै नियम २१ मा भ्रमणमा खिटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपिछ अनुसूची ६ बमोजमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले आ.व.२०८१/८२ मा भ्रमण खर्च वापत ३७,८५,००२।- भुक्तानी गरेको पाईयो। कार्यालयले उदेश्य, योजना नखुलाई विभिन्न समयमा पदाधकारी र कर्मचारीको भ्रमण आदेश स्वीकृत गरेको, सम्झौतामा तोकिएको काम गरेवापत समेत भ्रमण भत्ता लिएको, भ्रमण अभिलेख नराखेको, भ्रमण प्रतिवेदन पेश नगरेकोले उदेश्यपरक कामको भ्रमण भएको सुनिश्चित हुन सकिएन।भ्रमण पश्चात भ्रमण प्रतिवेदन आंशिक रुपमा संलग्गन रहेको साथै तोकिएको ढाँचामा भ्रमण अभिलेख समेत नहुँदा नियमावलीको व्यवस्था अनुसार गर्न विषेश ध्यान दिनुपर्दछ ।

५३ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले कुमारी बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कमा ईएफटी मार्फत रु. ३.८९,४४,२७२। खर्च लेखेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छनः

५३.१ कार्यविधीको बुँदा नं. १० मा लाभग्राहीको अद्यावधिक अभिलेख राख्ने, बुँदा ११ मा लगत कट्टा गर्ने, बुँदा २७ मा प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा निरीक्षण अध्यक्ष वा स्थानीय तहका प्रशासकिय अधिकृतले गर्ने, बुँदा ३३(१) मा लाभग्राहीको सूची स्थानीय वडा कार्यालय लगायतको सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्ने, बुँदा ३४ मा सार्वजनिक सनुवाई गर्नुपर्ने लगायतको व्यवस्था छ । पालिकाले कार्यविधि अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा अनुगमन मुल्याँकन गरी प्रतिवेदन नदिएको, तथा सार्वजनिक स्थलमा सूचना प्रकाशन नगरेको पाईदा कार्यविधीको पालनामा ध्यान पुर्याउनुपर्दछ ।

५३.२ **बितरण नभई वाँकी** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं. २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा २०८२।४।२८ मा कुमारी बैंकबाट प्राप्त पत्र अनुसार सामाजिक सुरक्षा भत्ता लाभग्राहीको मृत्यु पश्चात फिर्ता गर्न वाँकी रहेको रु ५४९३६।६४ बैंकमै रहेको देखिएकोले उक्त रकम संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	५४,९३६.६४

५४ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउने एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार यो कार्यक्रम सञ्चालनमा रहेको छ । यस पालिकाको ६ वडामा यो वर्ष ६ योजना सञ्चालन गरी ७० जनालाई औसत १०० दिनले ७००० दिन रोजगारी उपलव्ध गराई रु.४६,७६,०००। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मेन्छयायेम गाउँपालिका, तेह्रथुम , मेन्छयायेम गाउँपालिका , तेह्रथुम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अभिषेक घिमिरे	२०८१-१०-१४	हाल सम्म कार्यरत
लेखा प्रमुख	निर्मल आचार्य	२०७९-१-२०	२०८१-१०-३
लेखा प्रमुख	बेदनिधि दाहाल	२०८१-११-२१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,६४०,६२६	१०,८५१,२४८	१,६३८,६५७.६४	०	०	९०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१५,२२०,५३१.६४
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१५,२२०,५३१.६४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१७०२७५६६.२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२०८२९६७१९.८	**चालु खर्च**	१८०१५६७३३.४६
प्रदेश सरकारबाट अनुदान	२८९०३७०६.०४	**पूँजीगत खर्च**	८२५१०००७
राजश्व बाँडफाँट	४९६९५४५३.१६	**वित्तीय/अन्य व्यवस्था**	१०९२१९४२६
आन्तरिक आय	२९९९७२३.२२		
अन्य आय	८५७००३१२.३७		
कुल आय	३७५५९५९१४.५९	**कुल खर्च**	३७१८८६१६६.४६
बाँकी मौज्दात		२०७३७३१४.३३	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		५,०७,५२,७८३.२०	०	५,०७,५२,७८३.२०	४,६१,१७,२७७.९८	०	४,६१,१७,२७७.९८
१३०००	अनुदान		२१,१०,१८,३२४.२०	०	२१,१०,१८,३२४.२०	२१,९०,१०,५२६.७५	०	२१,९०,१०,५२६.७५
१४०००	अन्य राजस्व		१९,०८,३८८.१८	०	१९,०८,३८८.१८	९,०२,०४१.००	०	९,०२,०४१.००
१५०००	विविध प्राप्ति		३४,००५.००	०	३४,००५.००	१,७३,५०१.००	०	१,७३,५०१.००
क	कुल जम्मा प्राप्ति		२६,३७,१३,५००.५८		२६,३७,१३,५००.५८	२६,६२,०३,३४६.७३		२६,६२,०३,३४६.७३
३	चालु		१८,०१,५६,७३३.४६	०	१८,०१,५६,७३३.४६	१७,६०,१९,८०१.७५	०	१७,६०,१९,८०१.७५
२१०००	पारिश्रमिक / सुविधा		३,१४,६०,३४३.४६	०	३,१४,६०,३४३.४६	१२,१९,८३,४८६.००	०	१२,१९,८३,४८६.००
२२०००	मालसामान तथा सेवाको उपयोग		७,३७,१४,४४८.००	०	७,३७,१४,४४८.००	४,७३,६३,४३४.७५	०	४,७३,६३,४३४.७५
२५०००	सहायता (Subsidy)		६,७६,११,९९८.००	०	६,७६,११,९९८.००	४,००,०००.००	०	४,००,०००.००
२६०००	अनुदान		२०,७०,७३०.००	०	२०,७०,७३०.००	३,६९,०००.००	०	३,६९,०००.००
२७०००	सामाजिक सुरक्षा		३९,०६,५१४.००	०	३९,०६,५१४.००	३६,६३,१८१.००	०	३६,६३,१८१.००
२८०००	अन्य खर्च		१३,९२,७००.००	०	१३,९२,७००.००	२२,४०,७००.००	०	२२,४०,७००.००
४	पूंजीगत		८,२५,१०,००७.००	०	८,२५,१०,००७.००	८,७३,७२,२३१.००	०	८,७३,७२,२३१.००
३१११०	भवन तथा संरचना		२६,२९,५८९.००	०	२६,२९,५८९.००	१,८३,५३,९१३.००	०	१,८३,५३,९१३.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१५,६५,२३६.००	०	१५,६५,२३६.००	६५,६५,३१५.००	०	६५,६५,३१५.००
३११३०	अन्य पूँजीगत		१०,०२,५३०.००	०	१०,०२,५३०.००	२२,८३,०३०.००	०	२२,८३,०३०.००

	खर्च								
३११५०	सार्वजनिक निर्माण		४,२३,५१,८००.००	०	४,२३,५१,८००.००	५,९०,८९,९७३.००	०	५,९०,८९,९७३.००	
३११६०	निर्मितसरचनाको सुधार खर्च		३,२४,४००.००	०	३,२४,४००.००	१,००,०००.००	०	१,००,०००.००	
३११७०	पूँजीगत सुधार खर्च		३,४६,३६,४५२.००	०	३,४६,३६,४५२.००	९,८०,०००.००	०	९,८०,०००.००	
ख)	कुल जम्मा भुक्तानी		२६,२६,६६,७४०.४६		२६,२६,६६,७४०.४६	२६,३३,९२,०३२.७५		२६,३३,९२,०३२.७५	
ग)	बचत /कमी (ग = क-ख)		१०,४६,७६०.१२		१०,४६,७६०.१२	२८,११,३१३.९८		२८,११,३१३.९८	
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		२६,६२,९८८.०१		२६,६२,९८८.०१	२८,४१,७४९.४८		२८,४१,७४९.४८	
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		१४,५३६.००		१४,५३६.००				
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		३७,०९,७४८.१३		३७,०९,७४८.१३	५६,५३,०६३.४६		५६,५३,०६३.४६	
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१,७०,२७,५६६.२०		१,७०,२७,५६६.२०	१,१३,७४,५०२.७४		१,१३,७४,५०२.७४	
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन								
ज)	आ.व. अन्तको बाँकी नगद तथा		२,०७,३७,३१४.३३		२,०७,३७,३१४.३३	१,७०,२७,५६६.२०		१,७०,२७,५६६.२०	

	बैंक मौज्दात (ज= ङ+च+छ)									

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- कृषि पशुसेवा अनुदान तथा आर्थिक सहायता लगाएतका खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।
- वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ र कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- पालिकाले योजनाको प्राथमिकिकरण गर्दा प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।
- पालिकाले वार्षिक योजनासंग आवधिक योजनाको तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।
- राजश्व सुधार योजना कार्यन्वयनमा ल्याई राजश्व वृद्धितर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
- प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।
- ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परीपालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।
- पालिकाले संभाव्यता अध्ययन तथा डिपिआर प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।
- पालिकाको यन्त्रहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्ने र यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।
- पालिकाको सम्पतिको उचित संरक्षण तथा व्यवस्थापन गर्नुपर्दछ ।
- पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।
- संचालन निर्देशिका, मापदण्ड, नियमावली, नर्म्स बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ।